आज मिति २०८१ साल जेठ ३ गते बिहिबार यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईको अध्यक्षतामा गाउँपालिका स्तरिय स्थानीय विपद व्यवस्थापन समितिको बैठक बसी उक्त बैठकबाट निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | 9851100209 | |
| २ | देविता राई | उपाध्यक्ष | | |
| | गणेश राई | वडाध्यक्ष | | |
| | मोहनशमशेर राई | वडाध्यक्ष | ९८६२३२६३९१ | |
| | प्रतापसिंह तामाङ | वडाध्यक्ष | 9844405816 | |
| | देवेन्द्र राई | वडाध्यक्ष | | |
| | ईश्वर राई | वडाध्यक्ष | | |
| | बाबुनन्दन मेहता | प्रमुख प्रशासकीय अधिकृत | | |
| | भद्रबहादुर राई | प्रशासन शाखा प्रमुख | | |
| | रामबहादुर राई | प्रतिनिधि नेपाली काङ्ग्रेस | | |
| | नरभूपाल राई | प्रतिनिधि नेकपा एमाले | 9863991045 | |
| | देवी राई | प्रतिनिधि ऐनेकपा माओवादी | 9842107765 | |
| | डा सौरभ तिवारी | मेडिकल अधिकृत, प्राथमिक स्वास्थ्य केन्द्र, ताम्कु | ९८४४२२८६५२ | |
| | भिम ठगुन्ना | प्रमुख, नेपाली सेना, केवल दल गुल्म, ताम्कु | ९८६५८७०५६३ | |
| | खेम राना | नेपाली सेना, केवल दल गुल्म, ताम्कु | ९८४३८८३०६० | |
| | चन्द्रबहादुर घतानी | प्रमुख, प्रहरी चौकी, ताम्कु | 9762944265 | |
| | चन्द्रध्वज राई | प्र.अ., सगरमाथा मा.वि., ताम्कु | ९८६२४५५६०३ | |
| | उमेश चाम्लिङ | व्यावसायी | | |
| | | प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी | | |
| | प्रिती राम गुरुङ | प्र. चौ. ताम्कु | ९८४२००९२२३ | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>प्रस्तावहरु</u>

१. जनचेतनामूलक सूचना प्रबाह गर्ने सम्बन्धमा ।

२. सिलीचोङ गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृतिका लागि सिफारिश गर्ने सम्बन्धमा ।

३. पूर्व तयारीमा जुट्न सबै सरोकारवालाहरु वीच सहकार्य गर्ने सम्बन्धमा ।

४. विपदजन्य अवस्थामा सहयोगका लागि अतिआवश्यक सामाग्रीहरु तयारी अवस्थामा राख्ने सम्बन्धमा ।

५. एम्बुलेन्सलाई नियमित मर्मत गरी सूचारु अवस्थामा राख्ने सम्बन्धमा ।

६. सदरमुकाम खाँदबारी सँग जोड्ने जोड्ने एकमात्र मार्गको आवातजावतलाई सहज बनाइ दिन खाँदबारी नगरपालिकालाई अनुरोध गर्ने सम्बन्धमा ।

७. अत्यावश्यक वस्तुहरुको जोहो गर्न सम्बन्धित सबैमा अनुरोध गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. वर्षातको मौसमका कारण दैनिक पानी पर्ने, चट्याङ पर्ने, पहिरो झर्ने लगायतको घटना बढी रहेकोले उक्त घटनाबाट जनमानसमा पर्न सक्ने प्रभावको वारेमा स्थानीय जनतालाई सजग गराउने । चट्याङ्गको जोखिमबाट बच्न अर्थिङको व्यवस्था गर्ने, पहिरोको जोखिम कम गर्न वनजङ्गल संरक्षण गर्ने लगायतका जनचेतनामूलक सूचना प्रबाह गर्ने । स्थानीय जनप्रतिनिधि कर्मचारी सेवा प्रदायकको सम्पर्क नम्बर सार्वजनिक गर्ने । वडा वडामा समेत जनचेतनामूलक कार्यक्रम संचालन गर्ने उक्त कार्यका लागि नेपाली सेना, स्थानीय प्रहरी, विद्यालय, स्वास्थ्य संस्था, रेडक्रस सोसाइटी, राजनीतिक दल, समाजसेवी, बुद्धिजिवीबाट आवश्यक सहयोग लिने ।

२. सिलीचोङ गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृतिका लागि सिफारिश गर्ने ।

३. विपदजन्य घटनबाट सिर्जित हुने परिस्थिति व्यवस्थापन गर्नको लागि पूर्व तयारीमा जुट्न सबै सरोकारवालाहरु वीच सहकार्य गर्ने । जोखिमयुक्त क्षेत्रको पहिचान गर्ने तथा यस्तो परिस्थितीमा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धता सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

४. विपदजन्य अवस्थामा सहयोगका लागि अतिआवश्यक सामाग्रीहरु जस्तै : त्रिपाल, झम्पल, कोदालो, गैती, बेल्चा, हम्बर, छेनी, बरसाती, गमबुट, रुख काट्ने मेसिन (Wood Cooter), पाइप, Fire Proof Set, Fire पिटर, Water Bag, Fire Ball, फायर स्टिङ गिसर, डोरी, हार्नेस, Hallmate लगायतको प्रबन्ध गाउँपालिकाले गरी तयारी अवस्थामा राख्ने । सो कार्यको लागि बजेट सुनिश्चित गर्ने ।

५. ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एकमात्र एम्बुलेन्सलाई नियमित मर्मत गरी सूचारु अवस्थामा राख्ने ।

६. सदरमुकाम खाँदबारी सँग जोड्ने एकमात्र बाटोमा पर्ने अरुण नदीको झोलुङ्गे पुल जोड्ने खाँदबारी तर्फको बाटो एकदमै विग्रिएको कारण दुर्घटनाको हुने अत्यन्तै जोखिम रहेकोले उक्त बाटो तत्काल निर्माण गरी सिलीचोङ गाउँपालिका र साल्पासिलिछो गाउँपालिका जोड्ने एकमात्र मार्गको आवातजावतलाई सहज बनाइ दिन खाँदबारी नगरपालिकालाई अनुरोध गर्ने ।

७. दैनिक जसोको बर्षाको कारण खोलाको बेग बढ्दै गएकोले सिसुवा खोला संखुवा खोलाको विभिन्न स्थानमा चालु आर्थिक बर्षमा बनाइएको काठेपुल साविकका वर्षहरु झै यस बर्ष पनि बगाइ लाग्ने संभावना प्रबल रहेकोले अत्यावश्यक वस्तुहरुको जोहो गर्न सम्बन्धित सबैमा अनुरोध गर्ने ।